## उदयपुरगढी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** उदयपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम उदयपुरगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

1. **संक्षिप्त नाम र प्रारम्भः**
   (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।
   (२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि उदयपुरगढी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।
2. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।
3. **भूमि कर (मालपोत)ः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।
4. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।
5. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
6. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
7. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (६) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
8. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (७) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।
9. **सिफारिस शुल्कः** गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट कानुनमा व्यवस्था भए बमोजिम गरिने सिफारिसम अनुसूची (८) मा भएको व्यवस्था बमोजिम सिफारिस शुल्क लिइनेछ ।

10. **प्रमाणित शुल्कः** गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट कानुनमा व्यवस्था भए बमोजिम प्रमाणित गरिने विषयहरुको अनुसूची (९) मा भएको व्यवस्था बमोजिम सिफारिस शुल्क लिइनेछ ।

11. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले उपलब्ध गराउने सेवामा अनूसूचि (१०) मा व्यवस्था भए अनुसार शुल्क लिइने छ ।
12. **दण्ड जरिवाना:** गाउँपालिकाको सेवासँग सम्बन्धित विषयमा कानुनमा व्यवस्था भए बमोजिम नभएका काम कारबाहीमा अनुसुची (११) मा व्यवस्था भए बमोजिम दण्ड जरिवाना वापत शुल्क लिइने छ ।
13. **घरधुरी करः** यस गाउँपालिका भित्र स्थायी वा अस्थायी घर बनाई बसोवास गर्ने नागरिकबाट अनुसूची (१२) मा व्यवस्था भए बमोजिमको घरधुरी कर लगाइने छ ।
14. **कृषि जन्य औषधी तथा किटनाशकहरुमा शुल्कः** यस गाउँपालिका भित्र स्थायी बसोबास भएका तथा कृषि व्यवसाय गर्ने जो कुनै किसानलाई गाउँपालिकाले सहुलियत स्वरुप उपलब्ध गराउने कृषि जन्य औषधी तथा किटनाशकहरुमा अनुसूची (१३) मा व्यवस्था भए बमोजिमको शुल्क लिइने छ ।
15. **पर्यटन शुल्क:** गाउँपालिकाको क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रमा अनुसूची (१४) मा भएको व्यवस्था बमोजिम शुल्क लिइनेछ ।
16. **अखेटोपहारमा लाग्ने कर (जडिबुटी, कवाडी)** यस ऐन बमोजिम अखेटोपहारमा अनुसूची १५ मा व्यवस्था भए बमोजिम कर लिइनेछ ।
17. **सरकारी सम्पत्तीको बहालबाट प्रास शुल्कः** यस ऐन बमोजिम सरकारी सम्पत्तिको बहालमा अनुसूची १६ मा व्यवस्था भए बमोजिम शुल्क लिइनेछ ।
18. ढुँगा गिटी बालुवा दहत्तरबहत्तर बिक्रीबाट प्रास आय
19. सरकारी सम्पत्ति बिक्रिबाट प्रास आय
20. **न्यायिक दस्तुरः** यस ऐन बमोजिम न्यायिक दस्तुर स्वरुप अनुसूची १७ मा व्यवस्था भए बमोजिम हुनेछ ।
21. परीक्षा शुल्क
22. अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र फारम बिक्रि)
23. **नक्सा पास दस्तुरः** यस ऐन बमोजिम नक्सा पास गर्दा अनुसूची १८ मा व्यवस्था भए बमोजिम दस्तुर लाग्नेछ ।
24. **राष्ट्रिय भूमि आयोग, निवेदन दर्ता तथा नाप नक्साको निस्साको प्रतिलिपीः** यस ऐन बमोजिम राष्ट्रिय भूमि आयोग, निवेदन दर्ता तथा नाप नक्साको निस्साको प्रतिलिपी लिँदा अनुसूची (१९) मा व्यवस्था भए बमोजिम शुल्क लिइनेछ ।
25. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।
26. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची - १

**सम्पत्ति कर**

- रु ५ लाख सम्म ०.२ प्रतिशत
- रु १० लाख सम्म ०.३ प्रतिशत

- रु २० लाख सम्म ०.४ प्रतिशत
- रु २० लाख भन्दा माथि ०.५ प्रतिशत

## अनुसूची - २

**भूमि कर**

| क.सं. | जग्गाको किसिम | कृषि क्षेत्र | आवास क्षेत्र |
|---|---|---|---|
| १ | अबल | प्रति रोपनी/ कट्ठा रु. २०/ १३ | प्रति रोपनी/ कट्ठा रु. १००/ ६५ |
| २ | दोयम | प्रति रोपनी/ कट्ठा रु. १५/ १० | प्रति रोपनी/ कट्ठा रु. ७५/ ५० |
| ३ | सिम | प्रति रोपनी/ कट्ठा रु. १०/ ६ | प्रति रोपनी/ कट्ठा रु. ५०/ ३५ |
| ४ | चाहार | प्रति रोपनी/ कट्ठा रु. ५/ ३ | प्रति रोपनी/ कट्ठा रु. २५/ १५ |
| ५ | हर्जाना | ➢ १ बर्षको लागि तोकिएको रकमको २५%<br>➢ २ बर्षको लागि तोकिएको रकमको ६०%<br>➢ २ बर्ष भन्दा बढि समयको लागि तोकिएको रकमको १००% | |

## अनुसूची - ३

**घर बहाल कर**

- सम्झौता बमोजिमको रकमको १० प्रतिशत

## अनुसूची - ४

**व्यवसाय कर**

- **व्यवसाय दर्ता**
  - कूल लगानी रु २० लाख भन्दा माथि रु १० हजार
  - कूल लगानी रु १० लाख भन्दा माथि रु ८ हजार
  - कूल लगानी रु ५ लाख भन्दा माथि रु ६ हजार
  - कूल लगानी रु ५ लाख सम्म रु २ हजार
- **व्यवसाय नवीकरण**
  - कूल लगानी रु २० लाख भन्दा माथि रु १ हजार
  - कूल लगानी रु १० लाख भन्दा माथि रु ८ सय
  - कूल लगानी रु ५ लाख भन्दा माथि रु ६ सय
  - कूल लगानी रु ५ लाख सम्म रु २ सय
- **हर्जाना**
  - १ बर्षको लागि तोकिएको नवीकरण शुल्कको २५%
  - २ बर्षको लागि तोकिएको नवीकरण शुल्कको ६०%
  - २ बर्ष भन्दा बढि समयको लागि तोकिएको नवीकरण शुल्कको १००%
- गाउँपालिकामा दर्ता हुने "घ" बर्गको निर्माण व्यावसायको हकमा कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

- कुनै समुह, फर्म वा व्यवसाय दर्ता तथा नवीकरण सम्बन्धी कुनै स्पेसिफिक कानुनी व्यवस्था भएको हकमा सोहि कानुन बमोजिम हुनेछ ।

## अनुसूची - ५

**विज्ञापन कर**

- होर्डिङ बोर्ड प्रति बर्ग फीट रु ५०
- भित्ते लेखन तथा सटर पेन्टिङ प्रति बर्ग फीट रु ४०
- व्यानर प्रति बर्ग फीट रु ३०

## अनुसूची - ६

**मनोरञ्जन कर**

- हाट बजार रु ५००० (बार्षिक)
- मेला रु २५०० (एक पटकको)

## अनुसूची - ७

**सवारी साधन कर**

- स्काभेटर रु १०००
- ब्याक हु लोडर रु ८००
- बस, ट्रक वा अन्य हेभी सवारी रु ७००
- मिनि बस, ट्रयाक्टर रु ६००
- कार, जीप, भ्यान, पिक अप रु ५००
- मोटरसाईकल, स्कुटर रु १००

## अनुसूची - ८

**सिफारिस शुल्क (एक पटकको)**

- घर बाटो सिफारिस रु ३५०
- मोही लागत कट्टा सिफारिस रु २००
- घर कायम सिफारिस रु ३००
- सरजिमिन कृषि विमा रु २००
- सरजमिन अन्य रु ५००
- छात्रवृत्ती सिफारिस रु १००
- बसोबास सिफारिस रु २००
- वंशज नागरिकता सिफारिस रु २००
- अङ्गीकृत नागरिकता सिफारिस रु ३००
- प्रतिलिपि नागरिकता सिफारिस रु ३००
- व्यवसाय दर्ता सिफारिस रु १००
- संस्था दर्ता सिफारिस रु २००
- संस्था नवीकरण सिफारिस रु १००

- आर्थिक सम्पन्न सिफारिस रु ५००
- जग्गा मुल्याँकन सिफारिस कूल मुल्यको ०.१ प्रतिशत
- अपुताली सिफारिस रु १००
- योजना सम्बन्धी सिफारिस प्रत्येक पटक रु ५ लाख सम्म १ हजार, १० लाख सम्म २ हजार, २० लाख सम्म ३ हजार र २० लाख माथि ४ हजार
- घर नक्सा सिफारिस कूल मुल्यको ०.१ प्रतिशत
- स्वदेशी संघ/ संस्था कार्यक्रम सञ्चालन अनुमति सिफारिस रु ५००
- विदेशी संघ/ संस्था कार्यक्रम सञ्चालन अनुमति सिफारिस रु १०००
- कानुनमा स्थानीय तहले सिफारिस गर्ने भनि तोकिएका अन्य सिफारिस रु १००

## अनुसूची - ९

**प्रमाणित शुल्क (एक पटकको)**

- नाता प्रमाणित नेपाली रु २०० अंग्रेजी रु १०००
- चार किल्ला प्रमाणित रु ३००
- घटना दर्ता प्रमाणित रु २००
- हकवाला वा हकदार प्रमाणित रु २००
- आम्दानी प्रमाणित - कुल आम्दानीको ०.२ प्रतिशत
- कानुनमा स्थानीत तहले प्रमाणित गर्ने भनि तोकिएका अन्य प्रमाणित रु १००

## अनुसूची - १०

**सेवा शुल्क दस्तुर**

- निवेदन रु १०
- श्रम स्वीकृति रु ५००
- पुनः श्रम स्वीकृति रु ३००
- लब्धाँक पत्र सच्याउने शुल्क रु १००
- किसान परिचय-पत्र वितरण शुल्क रु १००

## अनुसूची - ११

**दण्ड जरिवाना**

- घटना दर्ता - नेपाल सरकार गृह मन्त्रालय, पञ्जीकरण विभागले तोकेबमोजिम
- न्यायीक समितिबाट न्याय निरुपण हुने मुद्दामा पिडकबाट रु २००
- न्यायीक समितिबाट असुल उपर हुने गरी भएको फैसलामा असुल उपर हुने रकमको १ प्रतिशत

## अनुसूची - १२

**घरधुरी कर**

| क.सं. | घरको किसिम | १ तल्ला | २ तल्ला | ३ तल्ला | ४ तल्ला वा सो भन्दा माथि |
|---|---|---|---|---|---|
| 1. | कच्ची | रु ५० | रु ७५ | रु १०० | - |
| 2. | अर्द्ध पक्की | रु १०० | रु २०० | रु ३०० | - |
| 3. | पक्की | रु २०० | रु ३०० | रु ४०० | रु ५०० |

## अनुसूची - १३

**कृषि औषधी तथा किटनाशकमा शुल्क**

- कुखुरा, हाँस प्रति पंक्षी रु ५ ।
- कुकुर, बाखा, बंगुर प्रति पशु रु १० ।
- गाई, भैंसी प्रति पशु रु २० ।

## अनुसूची - १४

**पर्यटन शुल्क**

- प्रवेश शुल्क रु २० (विद्यार्थी, अपांगता भएका र जेष्ठ नागरिक रु १०)
- पिकनिक स्पट ५०० (विद्यालय रु २००)

## अनुसूची - १५

**अखेटोपहारमा लाग्ने शुल्क**

- सिन्कौली
  - प्रति बोलेरो रु १०००
  - ट्याक्टर रु १०००
  - ट्रक ६ चक्के रु. २०००
  - ट्रक १० चक्के रु. ३०००
- दालचिनी
  - प्रति के जी रु ५
- अम्रिसो कुचो
  - प्रति गोटा रु १
- बाँस
  - ट्याक्टर रु ५००
  - ट्रक ६ चक्के रु.२०००
  - ट्रक १० चक्के रु.३०००
- अदुवा वेसार
  - प्रति के जी २
- कवाडि (सिसा जन्य बाहेक)
  - प्रति बोरा रु.१०

- ट्याक्टर रु ५००
- ट्रक ६ चक्के रु. १०००
- ट्रक १० चक्के रु.१५००

## अनुसूची - १६

### सरकारी सम्पत्तिको बहालबाट प्राप्त शुल्क

- हल भाडा प्रति पटक रु. १०००
- साउण्ड सिस्टम प्रति दिन रु ५००
- जेनेरेटर (इन्धन बाहेक) प्रति दिन रु.१०००
- प्रोजेक्टर प्रति पटक रु २००

## अनुसूची - १७

### न्यायिक दस्तुर

- उजुरी दर्ता दस्तुर रु.३००
- लिखत जवाफ पेश रु.३००

## अनुसूची - १८

### नक्सा पास दस्तुर

- पक्की घर प्रति बर्ग फिट रु ५
- घर नक्सा किताब खरिद शुल्क प्रति गोटा रु ५००
- घर नक्सा सम्पन्न प्रामाण-पत्र रु ५००
- घर नक्साको प्रमाण-पत्र वा कागजातको प्रतिलिपी रु ५००
- घर नक्सा पास धरौटी रु ५००

## अनुसूची - १९

### राष्ट्रिय भूमि आयोग, निवेदन दर्ता तथा नाप नक्साको निस्साको प्रतिलिपी

- भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई रु. ५०
- अन्य रु. १००